आज मिति २०८३ साल भदौ ११ गते बिहिबारको दिन आमचोक गाउँपालिकाका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षता तथा तपसिल बमोजिमका पदाधिकारीको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको निर्णय गरियो।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा वहादुर विष्ट | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | — |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री शान्ति राई | — |
| १४ | सदस्य | श्री सुजता प्रधान | — |
| १५ | सदस्य | श्री भवानी विष्ट | |
| १६ | सदस्य | श्री मञ्जु भुजेल | |
| १७ | सदस्य | श्री गोविन्द परियार | |
| १८ | सचिव | श्री जनक बस्नेत | |

प्रमुख प्रशासकीय अधिकृत

०८३।५।११

अशोक राई
अध्यक्ष

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
कोशी प्रदेश, नेपाल
२०७३

आ.व. २०८३/८४ को आमचोक गाउँ कार्यपालिकाको निर्णय पुस्तिका : वैठक मितिः- २०८३/०५/११ : वैठक संख्याः-२

---

प्रस्तावहरु

१. कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) स्वीकृत गर्ने सम्बन्धमा।
२. स्रोत सुनिश्चितता सम्बन्धमा।
३. ड्रइङ्ग, डिजाइन स्वीकृत गरी ठेक्का प्रक्रिया अगाडी बढाउने सम्बन्धमा।
४. शौचालय निर्माण सम्बन्धमा।
५. कृषि तथा पशु सेवा केन्द्र स्थापना गर्ने सम्बन्धमा।
६. फिल्ड भत्ता तथा सेवा सुविधाको निरन्तरता सम्बन्धमा।
७. जनप्रतिनिधिबाट कट्टा गरिएको रकमबाट अधुरोध रहेको छौंखा साकेन्वा भवन निर्माण गर्ने सम्बन्धमा।
८. सरुवा सहमति सम्बन्धमा।
९. सभा समितिको सदस्य सचिव तोक्ने सम्बन्धमा।
१०. कानूनी परामर्श सेवा सम्बन्धमा।
११. अपाङ्गता तर्फको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।
१२. दरबन्दी मिलान सम्बन्धमा।
१३. सडक स्तरोन्नती सम्बन्धमा।
१४. रिक्त दरबन्दीमा माग आकृति फारम पठाउने सम्बन्धमा।
१५. करार कर्मचारीको महंगी भत्ताको निरन्तरता सम्बन्धमा।
१६. विविध

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल हुँदा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को दफा ७ को उपदफा (१) को खण्ड (इ) बमोजिम गठित संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिबाट पेश भएको यस आमचोक गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) लाई स्वीकृत गर्ने।

२. आमचोक दुम्माना दिङ्गलापु हैखराङ सडक कालोपत्रे (बहुवर्षीय), आमचोक गा.पा.,भोजपुर शिर्षकमा कोशी प्रदेश सरकारबाट चालु आ.व.मा रु.८००००००।०० (असी लाख मात्र) बजेट विनियोजन भएको हुँदा उक्त योजना सम्पन्न गर्नका लागि आवश्यक पर्ने रकमको स्रोत सुनिश्चितता गर्नका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय,कोशी प्रदेश समक्ष माग गर्ने।

३. कोशी प्रदेश सरकार समपुरक अनुदान अन्तर्गत स्वास्थ्य चौकी भवन निर्माणका लागि रु. ८० लाख र चिउरीभञ्याङ घारे धारापानी सडक निर्माणका लागि रु ८० लाख विनियोजन भएकोमा प्राविधिकबाट प्रास ड्रइङ, डिजाइन अनुसार क्रमशः रु ११५७०९२३।६७ र रु.१२०७९९४२।२७ लागत अनुमान तयार भई पेश भएकोले ड्रइङ्ग, डिजाइन र लागत अनुमान स्वीकृत गरी अपुग हुने रकम समपुरक कोष बाट बेहोर्ने र स्वास्थ्य चौकीको हकमा आमचोक ९ स्थित दुम्माना स्वास्थ्य चौकीको जग्गामा निर्माण गर्ने गरी ठेक्का प्रक्रिया अगाडी बढाउने।

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर कोशी प्रदेश, नेपाल २०७३

०८३।५।११

अशोक राई
अध्यक्ष

४. प्रदेश सरकार सशर्त अनुदान मार्फत आमचोक गा.पा. ६ बयाङ श्री शिक्षा क्षमाकन्या मा.वि. शौचालय निर्माणमा रु.१५०००००।०० विनियोजन भएकोमा प्राविधिकबाट ड्रइङ, डिजाइन अनुसार रु.१७२२३२०।६५ लागत अनुमान प्रास भएको हुँदा नपुग हुने रकम समपुरक कोषबाट बेहोर्ने गरी शिलबन्दी दरभाउपत्र मार्फत ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

५. यस गाउँपालिकाको दुम्माना स्थित वडा नं. ९ को कार्यालयबाट र बयाङ स्थित वडा नं. ६ बाट कृषि तथा पशु सेवा केन्द्रको सेवा सञ्चालन गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं. ५ माथि छलफल हुँदा गाउँपालिकाबाट मेडिकल अधिकृत, प्राविधिक कर्मचारी, सवारी चालकहरुलाई विगतमा उपलब्ध गराउदैं आएको तपसिल बमोजिमको प्रोत्साहन वापतको रकमलाई २०८३ श्रावण १ देखि लागु हुने गरी निरन्तरता दिने:-

I. विगत आर्थिक वर्षमा मेडिकल अधिकृत लाई दरवन्दि अनुसारको तलब सशर्त शिर्षकबाट भुक्तानि गर्ने र मासिक थप ७५% प्रोत्साहन भत्ता आन्तरीक राजश्व शिर्षकवाट भुक्तानी दिदै आइएकोमा सोलाई निरन्तरता दिने।

II. एउटै कर्मचारीलाई दुइवटा वडाको वडा सचिवको जिम्मेवारी तोकिएको वा प्राविधिक कर्मचारीहरुलाई थप जिम्मेवारीको रुपमा वडा सचिवको जिम्मेवारीमा खटाउनुपर्ने भएमा मासिक रु.१००००।(अक्षेरुपी रु.दशहजार मात्र) प्रोत्साहन वापत थप सुविधा उपलव्ध गराउदै आएकोमा सो लाई निरन्तरता दिने।

III. हल्का सवारी चालक, एम्वुलेन्स चालक र ट्रयाक्टर चालकहरुलाई गाउँपालिका क्षेत्रभित्र वा गाउपालिका क्षेत्र वाहिर काम्मा खटिएको अवस्थामा दैनिक भ्रमण भत्ताको सट्टा मासिक फिल्ड भत्ता वापत प्रति महिना प्रति व्यक्ति रु.७०००।(अक्षेरुपी सातहजार मात्र) उपलव्ध गराउने।

IV. गाउँपालिका/वडाहरुमा कार्यरत प्राविधिकहरु र कृषि तथा पशु तर्फको प्राविधकहरुलाई प्रोत्साहन वापत कार्यालयमा कामकाजमा रहेको अवस्थामा तपशिल वमोजिम मासिक रुपमा फिल्ड भत्ता उपलव्ध गराउने ।

| क्र.सं. | विवरण | मासिक फिल्ड भत्ता |
|---|---|---|
| १ | ईन्जिनियर | रु.८००० |
| २ | गा.पा.प्राविधिकहरु | रु.६००० |
| ३ | वडा प्राविधिकहरु | रु.४००० |
| ४ | दुइवटा वडा हेर्ने प्राविधिक मासिक थप | रु.२००० |
| ५ | कृषि तथा पशु तर्फको प्राविधिकहरु | रु.३००० |

७. प्रदेश सरकारबाट निर्माणाधिन अवस्थामा नै बजेट विनियोजन नभई अलपत्र अवस्थामा रहेको छौंखा साकेन्वा बहुसांस्कृति भवन कार्यपालिकाको निर्णय बमोजिम विगत वर्षदेखी सम्पूर्ण जनप्रतिनिधिहरुको सेवा, सुविधाबाट २ प्रतिशतका दरले कट्टा गरी कोषमा जम्मा गरिएको रकमबाट निर्माण गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

८. प्रस्ताव नं. ८ माथि छलफल हुँदा यस गाउँपालिका अन्तर्गत आमचोक जनसेवा अस्पताल बालंखामा कार्यरत सहायकस्तर पाचौं तह, स्टाफ नर्समा कार्यरत निश्चल गुरुङ र ५ नं. वडा कार्यालयमा कार्यरत प्रशासन सेवा तर्फ सहायकस्तर चौथो तहमा कार्यरत चन्द्र बहादुर बानियाले आफ्नो व्यक्तिगत तथा पारिवारिक कारण देखाई सरुवा सहमति माग गर्नुभएको र अन्य स्थानीय तहबाट समेत सरुवा सहमति पेश गरिसकेको कारण काम प्रति उत्प्रेरित हुन नसकेको हुँदा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २४ को उपदफा (४) मा भएको व्यवस्था बमोजिम सरुवा सहमति उपलब्ध गराउने।

९. प्रस्ताव नं. ९ माथि छलफल हुँदा कोशी प्रदेशबाट जारी भएको गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ को दफा ३६ मा उल्लेख भएबमोजिमको सभा समितिमा ऐ.ऐनको दफा ३८ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम देहायबमोजिम समिति सचिवको जिम्मेवारी तोक्ने:-

| क्र.सं. | समितिको नाम | समिति सचिव |
|---|---|---|
| १ | अर्थ तथा सार्वजनिक लेखा समिति | लेखा अधिकृत श्री विनोद खत्री |
| २ | विधायन समिति | तथ्यांक अधिकृत श्री धन कुमार राई |
| ३ | सामाजिक समिति | श्री ज्ञान बहादुर राउत |
| ४ | सुशासन तथा स्थानीय सेवा समिति | शाखा अधिकृत श्री युवराज सुवेदी |
| ५ | कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक श्रोत समिति | इन्जिनियर श्री विपन सुवेदी |

१०. प्रस्ताव नं. ११ माथि छलफल भई आमचोक गाउँपालिकाको न्यायिक समिति अन्तर्गत विगत वर्षहरुमा कानुनी परामर्श सेवा लिइ रहेकोमा यस आर्थिक वर्षमा पनि परामर्श सेवा मार्फत भुक्तानी दिने गरी योग्यता पुगेका व्यक्ति वा संस्था छनौट गरी कानुनी परामर्श सेवा लिने।

११. अपाङ्गता तर्फ चालु आर्थिक वर्षमा विनियोजित बजेट अनुसार सम्बन्धित शाखाबाट सिफारिस भई आएबमोजिमको बजेट तथा कार्यक्रमलाई स्वीकृत गर्ने निर्णय गरियो।

१२. आमचोक गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८३।०५।११ को बैठकको निर्णयबाट सिफारिस भई आएबमोजिम श्री रक्तमाला आ.वि. (०-५) आमचोक ७ साबुकमा विद्यार्थी संख्या न्युन रहेकाले शिक्षक विद्यार्थी अनुपातको आधारमा बढी दरबन्दी भएको हुँदा त्यस विद्यालयमा कार्यरत प्राथमिक तहका स्थायी शिक्षक श्री श्याम कुमार मेहतालाई विद्यार्थी संख्या बढी भएको र शिक्षक दरबन्दी कम रहेको श्री शिक्षा ज्योति आ.वि. (०-५) आमचोक ७ हर्दिलामा गाउँ शिक्षा ऐन, २०८० को परिच्छेद ५ को दफा ३२ को उपदफा १ अनुसार दरबन्दी मिलान गर्ने निर्णय गरियो।

१३. चालु आ.व.मा सडक मर्मत सुधार तथा नयाँ ट्र्याक खोल्ने कार्यका लागि प्रत्येक वडाबाट प्राप्त माग बमोजिम देहायका सडकहरु कार्यालयको स्काभेटर मेसिनबाट ट्र्याक खोल्ने तथा मर्मत सम्भार कार्य गर्ने।

| वडा नं. | सडकको नाम |
|---|---|
| १ | भिमेश्वरी चुङनाम्वु वनेवा महादेवथान वासिङथर्पू सडक |

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर कोशी प्रदेश, नेपाल २०७४

०८३।५।११

अशोक राई अध्यक्ष

| वडा नं. | सडकको नाम |
|---|---|
| | दावुराङ ल्याप्चे भञ्याङखर्क सडक |
| २ | वतासे दाङ्गा वोवेक सडक |
| | दाब्बुराङ सेउले सडक |
| ३ | वालंखा सामाराङ्ग चुमाराङ्ग पसलभञ्याङ्ग सडक |
| | वाप्खा छुक्खा एखुवा खोला सडक |
| ४ | वालंखा फुइन्ताङ्ग रागातुङ्ग बुवखोला चण्डीथान सडक |
| | पूर्णेडाँडा सिपाक खुम्तिङ्ग सडक |
| ५ | वयाङ पावला आमवोटे दुम्माना सडक |
| | खालिङ्ग भञ्याङ्ग वारङ्खोला खुम्तिङ्ग सडक |
| ६ | वयाङ वुङ्सुराङ्ग देवानटार साइलाम सडक |
| | वयाङ गैरी गाउँ कावाखोला सडक |
| ७ | साइलाम सागुरी लिचिला पावला सडक |
| | बसाइगाउँ सेपी खाम्ताङ्ग वाराताङ्ग सडक |
| ८ | देउराली मगरमुखा किनुवा सडक |
| | नकटा गैरीगाउँ हैखराङ सडक |
| ९ | दुम्माना जोगेपाथर सडक |
| | माझखानी वगुवा सडक |
| १० | रोल्ला कार्कीछाप गरगरे दारेगौडा सडक |
| | मिलडाँडा सुन्तले कटहरे चिउरी भञ्याङ्ग सडक |

१४. यस गाउँपालिकाको स्वीकृत दरबन्दी तेरिज बमोजिम स्थायी दरबन्दीमा रिक्त रहेका पदहरुमा प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशमा माग आकृति फारम भरी पठाउने।

१५. करार दरबन्दीमा कार्यरत रहेका दरबन्दी भित्रका कर्मचारीहरुलाई स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १४४ मा भएको व्यवस्था बमोजिम दरबन्दी भित्र रही करारमा कार्यरत रहेका कर्मचारीहरु (कम्प्युटर अपरेटर, सवारी चालक, कार्यालय सहयोगी, सहायकस्तर) र कार्यक्रम अन्तर्गत कार्यरत राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम, पञ्जिकरण, लघु उद्यम अन्तर्गत कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराउदै आएको महंगी भत्तालाई निरन्तरता दिने।

१६. प्रस्ताव नं. १७ माथी छलफल हुँदा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा २ घ(६) बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका नदीनालाको ढुङ्गा, गिट्टी, बालुवा, माटो, स्लेट तथा खरीढुङ्गा आदी प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शूल्क दस्तुर संकलन गर्न सक्ने कानुनी व्यवस्था वमोजिम आमचोक गाउँपालिका वडा नं. २ अफ्ठेरे भीर क्षेत्र, वडा नं. ८ भई बग्ने खोला एखुवाक्षेत्र, कोशी कोरिडोर पार्कुवा क्षेत्र भई बग्ने दुधकोशी नदी र वडा नं. १० को रानिटार भई बग्ने दुधकोशी नदी दोभान बगर क्षेत्र, वडा नं. ४ र १० को तारेभिर आसपास क्षेत्रबाट ढुङ्गा/गिट्टि/बालुवा/मिक्स गिट्टी माटो संकलन तथा उत्खनन कार्य सञ्चालनका लागि आमचोक

प्रमुख प्रशासकीय अधिकृत

०८३।५।११

अशोक राई
अध्यक्ष

गाउँपालिकाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्राप्त प्रतिवेदनमा उल्लेख भएबमोजिमको परिमाणमा आय ठेक्का अगाडी बढाउने।

१७. विविध तर्फ निर्णय गर्दा यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुका लागि कार्यालय सञ्चालन खर्च वापत रु.१००००।०० उपलब्ध गराउदै आएकोमा सोलाई वृद्धि गरी रु.१५०००।०० कायम गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

अशोक राई
अध्यक्ष

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
कोशी प्रदेश, नेपाल
२०७३